नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण तथा विपद् व्यवस्थापन शाखा)
सिंहदरबार, काठमाण्डौ ।

फोन नं. ४२००३०९
४२००४८२
Website: www.mofaga.gov.np
Email:cdms.mofaga@gmail.com

प.सं.: वा.त.वि.व्य.शा.२०७६/०७७
च.नं.: ४६६

मितिः २०७७/०२/०८

श्री स्थानीय तहहरु,
(सबै) ।

विषयः विवरण सम्बन्धमा ।

प्रस्तुत विषयमा कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनीको प.सं. १५४९०/CCMC-Media/१/०७६/७७/३४, मिति २०७७/०२/०२ को पत्रानुसार मिति २०७६/१२/०१ देखि हवाई तथा स्थल मार्गबाट नेपाल प्रवेश गरेका व्यक्तिहरुको विवरण संकलन गरी थप Tracing लगायत अन्य समन्वयको लागि सातैवटा प्रदेशहरु मार्फत तहाँ प्रेषित गरिएकोमा उक्त व्यक्तिहरुको स्वास्थ्य अवस्थाको विवरण अद्यावधिक गरी उनीहरुको स्वास्थ स्थिति के कस्तो रहेको, निजहरु क्वारेन्टाईन/होम क्वारेन्टाईनमा रहेको/परीक्षण गरी घर गएको के अवस्था छ? सो को विवरण मन्त्रालय (dreportingsystem@gmail.com) मा उपलब्ध गराईदिनुहुन आदेशानुसार अनुरोध छ ।

२०७७/०२/०८
(रीनु थपलिया)
शाखा अधिकृत

बोधार्थः
श्री कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र, छाउनी, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधी शाखा, पत्र वेभसाईटमा अपलोड गरीदिनुहुन ।

नेपाल सरकार

# कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्र,

छाउनी, काठमाण्डौं

टोल फ्रि नं.११४०
टेलिफोन नं.: ०१-४२७१७३०
०१-४२८६६६०
इमेल: ccmc-joc@nepalarmy.mil.np

प.सं.१५४९०/CCMC-Media/१/०७६/७७/३४ मितिः- २०७७ जेष्ठ ०२ गते

बिषय: **आवश्यक समन्वयन सम्बन्धमा**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

उपरोक्त सम्बन्धमा कोभिड-१९ महामारी रोगको रोकथाम, नियन्त्रण र प्रतिकार्य गर्ने उद्देश्य अनुरुप गठित कोभिड-१९ संकट व्यवस्थापन संचालन केन्द्रको Call Centre ले मिति २०७६ चैत्र १ गतेदेखि हवाई तथा स्थल मार्गबाट नेपाल प्रवेश गरेका व्यक्तिहरुको Contact Tracing गरी बिवरण संकलन र विश्लेषण गरी थप Tracing तथा आवश्यक समन्वयन गर्न सात वटै प्रदेशहरु अन्तर्गत बसोवास गर्ने व्यक्तिहरुको नामावली बिभिन्न मितिमा सम्बन्धित प्रदेशहरुमा पठाएको छ ।तसर्थ नामावली प्रेशित गरिएका ती व्यक्तिहरुको व्यवस्थित अभिलेख अद्यावधिक गरी उनीहरुको स्वास्थ्य स्थिति अवस्था के कस्तो रहेको, निजहरु क्वारेन्टाईनमा रहेको, होम क्वारेन्टाईनमा रहेको वा परीक्षण गरी घर गएको के अवस्था छ ? एकिन गरी यथाशिघ्र यस केन्द्रलाई जानकारी उपलव्ध गराई दिन हुन आदेशानुसार अनुरोध छ ।

साथै, सम्बन्धित प्रदेश कार्यालयहरुमा पठाईएको विवरणहरु यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा समेत अनुरोध छ ।

श्री अनिल कुमार दत्त
सह सचिव
(Media & IT Ops)